# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७ संख्या ३ मिति २०८०/०३/०१**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ।

भाग २

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/१९

# विषय सूची


परिच्छेद १ ........ ४

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था........ ४

१.१ संक्षिप्त नाम र प्रारम्भ........ ४

१.२ नीतिगत परिभाषा........ ४

१.३ नीतिगत व्यवस्था........ ९

परिच्छेद २ ........ १७०

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति ........ १७०

२.१ पृष्ठभूमि ........ १७०

२.२ औचित्य........ १७०

२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य........ १८१

२.४ रणनीति र कार्यनीति........ १९२

२.५ मुख्य कार्यक्रमहरु........ २२४

परिच्छेद ३ ........ २९१

लैङ्गिक तथा सामाजिक समावेशीकारण नीति कार्यान्वयन कार्ययोजना........ २९१

३.१ कार्ययोजना ........ २९१

परिच्छेद ४ ........ ३९२

संस्थागत संयन्त्र, प्रतिनिधित्व र कार्यक्षेत्र........ ३९२

४.१ नगरपालिका स्तरीय लैंङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति........ ३९२

४.२ नगरपालिका स्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समितिको कार्य क्षेत्र ........ ३९२

४.३ वडा स्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण निति कार्यान्वयन समिति........ ४०३

४.४ वडा स्तरीय लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समितिको कार्यक्षेत्र........ ४१४

४.५ समितिहरुको कार्य संचालन विधि ........ ४२४

अनुसूचीहरु ........ ४३

अनुसूची १: लैससास रणनीति तयारी प्रक्रिया तथा कार्यतालिका ........ ४३६

अनुसूची २: रणनीति उपर कार्यपालिकामा छलफल कार्यक्रममा संलग्न सहभागीहरु ........ ४४७

अनुसूची ३: दीगो विकास लक्ष्यका लक्ष्य र संकेत ........ ४७०

अनुसूची ४: सन्दर्भ सामाग्री ........ ४८१

अनुसूची ५: लैससास रणनीति सम्बन्धि कार्यपालिका सँग छलफल कार्यक्रमका केही तस्वीरहरू ....... ४९२

# परिच्छेद १

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था

## १.१ संक्षिप्त नाम र प्रारम्भ

(१) यो रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०" रहेको छ ।

(२) यो रणनीति पालुङटार नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## १.२ नीतिगत परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा देहाय बमोजिमका शब्द र तीनको परिभाषा रहेका छन्ः

| शव्द | परिभाषा |
|---|---|
| **संबिधान** | संबिधान भन्नाले नेपालको संविधान २०७२ भन्ने बुझ्नु पर्दछ। |
| **रणनीति** | रणनीति भन्नाले पालुङटार नगरपालिका लैससास रणनीति भन्ने बुझ्नु पर्दछ । |
| **संघ** | संघ भन्नाले संघीय संरचनाको सबैभन्दा माथिल्लो इकाइको रूपमा रहने संघीय तह भन्ने बुझ्नु पर्दछ। |
| **संघीय इकाई** | संघीय इकाई भन्नाले संघ, प्रदेश र स्थानीय तह भन्ने बुझ्नु पर्दछ। |
| **प्रदेश** | प्रदेश भन्नाले संविधान बमोजिम संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको क्षेत्र र स्वरूप भन्ने बुझ्नु पर्दछ। |
| **स्थानीय तह** | स्थानीय तह भन्नाले संविधान बमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति भन्ने बुझ्नु पर्दछ। |
| **पालिका** | पालिका भन्नाले पालुङटार नगरपालिका भन्ने बुझ्नु पर्दछ । |
| **लिङ्ग** | जन्मजात प्राप्त जैविक तथा प्राकृतिक भिन्नतालाई लिङ्ग भनिन्छ । महिला, पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यक बीचको प्राकृतिक भिन्नता नै उनीहरुमा भएको फरक लिङ्ग भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिकता** | प्राकृतिक लिङ्गभेदको आधारमा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको लागि, समाजले निर्धारण गरेको कामको भूमिका, फरक फरक अपेक्षा र सामाजिक मुल्यमान्यता, लिङ्ग कै आधारमा बनाइएका फरक फरक कानुनी व्यवस्था, मानिसका धारणा, बिचार, दृष्टीकोण, सामाजिक संरचना र वितरण प्रणाली, फरकफरक शक्तिसम्बन्ध आदि भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिकतामा आधारित हिंसा** | लैङ्गिक हिंसा भन्नाले फरक लिङ्ग भएको आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने विभेद, यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य तथा विभेदपूर्ण व्यवहार लगायत फरक लिङ्ग |

| | |
|---|---|
| | भएकै कारणले हुने हिंसा र भेदभाव भन्ने बुझ्नु पर्दछ। |
| | ट |
| **लैङ्गिक प्रभाव विष्लेषण** | लैङ्गिक प्रभाव विश्लेषण भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवं पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्य भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिक मैत्री वातावरण** | लैङ्गिक मैत्री वातावरण भन्नाले सार्वजनिक, निजि, सरकारी लगायत काम गर्ने कार्यस्थल तथा अन्य क्षेत्रमा समेत महिला मैत्री, पुरुष तथा बालबालिकामैत्री, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अपाङ्गतामैत्री वातावरण, व्यवहार, नीति तथा कार्यक्रम, सेवा, शौचालय, बाटो, लुगा फेर्ने कोठा, स्तापान कक्ष, आराम गर्ने सुरक्षित ठाउँ जस्तो अति आवश्यक व्यबहारिक तथा भौतिक संरचनाको विकास भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिक समवेदनशीलता** | कार्यस्थलमा महिलाहरुको लागि छुटै शौचालय, स्तनपान गराउने कोठा, महिनावारी हुने वेलामा प्याड फाल्ने भाडो, बेलुकी काम गर्ने महिला कर्मचारी भएमा लिन र पुर्याउन जाने गाडीको व्यवस्था, कार्यालयमा बोल्ने भाषा, कामको लागि लचिलो समय, लैङ्गिक सम्पर्क विन्दुको व्यवस्था, लैङ्गिक दुर्व्यवहार भएका गुनासो सुन्ने लैङ्गिक मैत्री व्यवस्था, लैङ्गिक समानताका लागि क्षमता अभिबृद्धी तालिम, बजेट, आदि जस्ता पुरुष तथा महिलामैत्री व्यवहार लैङ्गिक समवेदनशीलता हो भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिकमैत्री दृष्टीकोण** | कुनै पनि कुरालाई लैङ्गिक समानताको दृष्टिकोणबाट हेरिनु हो। महिलाको चस्मा लगाएर हेर्दा महिला र पुरुषको चस्मा लगाएर हेर्दा पुरुषको समस्या, अवस्था र आवश्यकता देख्न सकिन्छ जस्तै महिलाको पीडा बुझ्नको लागि आफुलाई महिला बनाएर महिलाको पीडा अनुभूति गर्नु र पीडितको दृष्टीकोणबाट महिलाको पीडा बुझ्न सक्नु लैङ्गिक मैत्री दृष्टीकोण हो भन्ने बुझ्नु पर्दछ। |
| **लैङ्गिक सशक्तिकरण** | फरक लिङ्गका आधारमा समाजले निर्धारण गरेको लैङ्गिक भूमिकालाई बदल्न र समान भूमिका स्थापित गर्नको लागि महिला र पुरुषलाई सक्षम बनाउने प्रक्रियालाई लैङ्गिक सशक्तिकरण भनिन्छ भन्ने बुझ्नु पर्दछ। |
| **कार्यस्थलमा हुने यौनजन्य हिंसा र दुव्र्यवहार** | कुनै पनि कर्मचारीले आफुसँगै काम गर्ने अर्को कर्मचारी, सेवाग्राही वा पर्यटक वा अन्य कुनै व्यक्ति उपर आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी वा कुनै किसिमको दवाव, प्रभाव, प्रलोभनमापारी वा हतोत्साहित गर्नु जस्तैः शरीरको कुनै अंगमा छोएमा वा छुने प्रयास गरेमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य साधन, वस्तु वा साम्रगी प्रयोग वा प्रदर्शन गरेमा, यौनजन्य क्रियाकलाप बारेमा, लेखेर, बोलेर, इशाराले वा प्रदर्शन गरेर अश्लिल तथा यौनजन्य आशय प्रकट गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले पटक पटक हेरेमा वा हैरानी गर्ने कार्यलाई बुझ्नु पर्दछ। |
| **लैङ्गिक** | आर्थिक अवस्था, फरक क्षमता, भौगोलिक बनावट, जातजाति, भाषा तथा सिमान्तकृत |

| | |
|---|---|
| **समानता तथा सामाजिक समावेशिकरण (लैससास)** | समुदायका महिला, महिला बीच रहेको असमान शक्ति सम्बन्ध र सामाजिक पहिचानका आधारमा गरिएका सबै प्रकारका बिभेदको अन्त्य गरी स्रोत साधनमा समान पहुँच, विकासको मूलप्रवाहमा अर्थपूर्ण सहभागिता, बितरण प्रणालीमा समान अधिकार र महिला पुरुष बीचको शक्ति सन्तुलनको निर्माण प्रकृया नै लैससास हो भन्ने बुझ्नु पर्दछ। |
| **लैससास संस्थागत संयन्त्र** | लैससास संस्थागत संयन्त्र भन्नाले संघिय, प्रादेशिक तथा स्थानिय तहले लैससासकै लागि निर्माण गरेका संस्थागत संरचना हुन जसले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि काम गर्दछन् । त्यस्ता संस्थागत संरचनाहरु सबै मन्त्रालय र सरकारी निकायमा रहन्छन् जसले लैससास सम्बन्धि मुद्दाहरुलाई नीति, योजना, बजेट, प्रतिवेदन तथा रणनीति निर्माणको प्रकृयामा समावेश गराउन र कार्यान्वयन गर्न नेतृत्व गर्ने कार्य गर्दछन् भन्ने बुझ्नु पर्दछ। |
| **लैससास उत्तरदायी नीति र कार्यक्रम** | लैससास उत्तरदायी नीति र कार्यक्रम भन्नाले त्यस्ता नीति र कार्यक्रम हुन जुन विशेष गरी लैङ्गिक तथा सिमान्तकृत समुदायप्रति सम्बेदनशील भई बिद्यमान असमानता र भेदभाव हटाउन, बहिस्करणलाई अन्त्य गर्न र महिला तथा सिमान्तकृत समुदायको सशक्तिकरण गर्दै घर, परिवार, समाज र राज्यका सबै तह र निकायमा हुने निर्णय प्रकृयामा सक्रिय सहभागिता अभिबृद्धी गर्दै बिकासको मूलधारमा मूलप्रवाहीकरण गर्नका लागि निर्दिष्ट हुन्छन् भन्ने बुझ्नु पर्दछ। |
| **लैससासका अवरोधहरु** | लैससासका अवरोधहरु भन्नाले त्यस्ता तत्वहरु हुन जसले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको प्रकृयालाई नकारात्मक असर गरेका हुन्छन् । जस्तैः(परम्परागत सामाजिक तथा सांस्कृतिक बिकृति, लैङ्गिक भेदभाव, छुवाछुत, वा पित्तृसत्त्मक सोचाई, पुर्वाधारहरुको कम प्रचुरता, भौगोलिक विकटता, पुर्वाग्रहि सोचाई, भेदभावजन्य नीति तथा योजना आदि भन्ने बुझ्नु पर्दछ। |
| **सामाजिक समावेशीकरण** | सामाजिक समावेशीकरण भन्नाले विकासका अवसरहरूमा भिन्न भिन्न व्यक्ति एवं समूहहरूको पहुँच वृद्धि गर्न आवश्यक संस्थागत (औपचारिक/अनौपचारिक) वाधा/अप्ठ्याराहरू हटाउन सेवा सुविधामा विस्तार गर्नु हो (विश्व बैंकको श्रोत पुस्तिका) ।सामाजिक समावेशीकरण भनेको परम्परागत रुपमा बहिष्करणमा परेका तथा विकासको मुलधारमा पहुँच नभएका वा बञ्चित गरिएका दलित, जनजाती, आदिवासी, मधेसी, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, भौगोलिक रुपमा विकट क्षेत्रमा बस्ने समुदायका महिलालाई राज्यको सबै तहका संरचना, निर्णायक तह, योजना तर्जुमा, कार्यान्वयन, लाभको बितरण, अनुगमन तथा मुल्यांकन जस्ता सबै क्षेत्रमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गराउने प्रकृया हो भन्ने सम्झिनु पर्छ। जसबाट नीति निर्माता तथा सेवा प्रदान गर्ने सरकारी, सार्वजनिक, गैरसरकारी, मीडिया र नीजिक्षेत्रसँग सम्बन्धित संघसंस्थाहरूको वञ्चित समूहप्रति हेर्ने दृष्टिकोणमा सकारात्म परिवर्तन ल्याउन सकियोस, उनीहरूलाई प्रदान गरिने सेवा र सुविधा उत्तरदायित्वपूर्ण हुन सकोस र नीति |

| | |
|---|---|
| | नियममा सकारात्मकता ल्याई समतामूलक तरिकाले सेवा र सुविधा उपलब्ध गराउन सकियोस र उनिहरुले प्रतिनिधित्व गरेको क्षेत्रको दिगो विकास हुन सकोस भन्ने बुझ्नु पर्दछ। |
| **सामाजिक समावेशी सम्पर्क ब्यक्ति** | सामाजिक समावेशी सम्पर्क ब्यक्ति भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारी भन्ने बुझ्नु पर्दछ। |
| **सामाजिक समावेशी बजेट** | सामाजिक समावेशी बजेट भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेतलाई बुझ्नु पर्दछ। |
| **उपभोक्ता समिति** | उपभोक्ता समिति भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति भन्ने बुझ्नु पर्दछ। |
| **समता** | स्रोत साधनको पहुँच र नियन्त्रणबाट बञ्चितीकरणमा पारिएका र असमान अवस्थामा रहेका सबै लिङ्ग, जातजाति, वर्ग, दलित, अपाङ्गता र सिमान्तकृत समुदायको बिशेष अवस्थालाई ध्यानमा राखी समान रूपमा सक्षम बनाउनको लागि गरिने न्यायिक तथा सकरात्मक विभेद वा न्यायिक व्यवहार तथा न्यायको लागि बिशेष व्यवस्था भन्ने बुझ्नु पर्दछ। |
| **सामाजिक वञ्चितीकरणमा परेका समूहहरू** | सामाजिक वञ्चितीकरणमा परेका समूहहरू भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनता भन्ने बुझ्नु पर्दछ। |
| **पहुँच र नियन्त्रण** | पहुँच र नियन्त्रण भन्नाले कुनै पनि उपलव्ध श्रोत, साधन एवं सेवा सुविधा/फाइदा सम्म पुग्ने तथा भोगचलन गर्न पाउने अधिकार पहुँच हो र उपलव्ध श्रोत साधन सेवा सुविधा/फाइदा बारे के गर्ने, के नगर्ने भनेर निर्णय गर्ने अधिकार नियन्त्रण हो भन्ने बुझ्नु भन्ने बुझ्नु पर्दछ। |
| **सहभागिता** | सहभागिता भन्नाले निर्णायक तहमा तथा निर्णय प्रक्रियामा महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अर्थपूर्ण र समानुपातिक सहभागीता हुनु भन्ने बुझ्नु पर्दछ। |
| **निर्णय प्रक्रिया** | समानताको सिद्धान्त अपनाएर निर्णय प्रक्रियामा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, फरक क्षमता भएका व्यक्ति, दलित र सिमान्तकृत समुदायको आवाज सुनुवाई हुने गरी समान सहभागिता गराउने प्रक्रिया नै निर्णय प्रकृया हो भन्ने बुझ्नु पर्दछ। |

| | |
|---|---|
| **सशक्तीकरण** | सशक्तीकरण भन्नाले व्यक्तिभित्र अन्तरनिहित वा सुसुप्त अवस्थामा रहेका सीप, क्षमता कला र गलाको प्रस्फुटन गर्ने तरिका हो जसले वञ्चित समूहलाई आर्थिक, सामाजिक सांस्कृतिक, राजनीतिक, तथा लैङ्गिक र मनोवैज्ञानिकरूपले सशक्त बनाउन सहयोग पुग्दछ जस अन्तर्गतः<br>• सेवामा र स्रोत साधनमा पहुँच वृद्धि गर्ने ।<br>• नीति निर्माण तहमा पहुँच र नियन्त्रण बढाउने ।<br>• योजना तथा कार्यक्रम बनाउने प्रक्रियामा सक्रिय सहभागिता बढाउने ।<br>• सेवा प्रदान गर्ने संघसंस्थासम्म आफ्ना आवाज पुर्याउन सक्षम बनाउने ।<br>• आत्मविश्वास र आत्मसम्मान जागृत गराउने ।<br>• सामूहिक कार्यमा संगठित गराउने ।<br>• निर्धक्क आवतजावत गर्न सक्ने बनाउने आदि । |
| **लक्षित वर्ग** | लक्षित वर्ग भन्नाले गरिव तथा विपन्न, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख समुदाय, शारीरिक अपाङ्गता भएका व्याक्ति, वृद्ध नागरिक जसको आफ्नो पुर्ण अधिकार, उपलब्ध सेवा तथा सुविधामा समान पँहुच पुगेको छैन भन्ने बुझ्नु पर्दछ। |
| **पँहुच नपुगेका समुह** | पँहुच नपुगेका समुह भन्नाले ति मानिसहरुको समुह हो जसको सरकारले उपलब्ध गराउने सेवा तथा सुविधाको उपभोग गर्नबाट बञ्चित बनाइएका हुन्छन त्यस्ता सेवा तथा सुविधा उनिहरुसम्म पुऱ्याइएको हुँदैन या त कुनै विशेष अस्थाका कारण उनिहरु नै सेवा तथा सुविधा उपभोगबाट वञ्चित हुन्छन् । प्राय गरिव तथा विपन्न, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्नमुख समुदाय, अपाङ्गता भएका व्याक्ति, एकल महिला तथा वृद्धा नागरिक आदि पुहँच नपुग्ने समुह भन्ने बुझ्नु पर्दछ। |
| **अपांगता भएका व्यक्ति (फरक क्षमता भएका व्यक्ति)** | अपांगता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, वौद्धिक वा इन्द्रिय सम्वन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको करण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभाबकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन वाधा भएको व्यक्ति सम्झनु पर्छ र अपाङ्गता भएको भनि आधिकारिक अस्पताल तथा डाक्टरबाट पुस्टी भएका व्यक्तिहरु हुन भन्ने बुझ्नु पर्दछ। |
| **अल्पसंख्यक** | अल्पसंख्यक भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ। यस बाहेक लैङ्गिक र यौनिक क्रमशः महिला, पुरष र भिन्न लिंगी (हेट्रोसेक्सुअल) बाहेकका अरु लैङ्गिक र यौनिक पहिचान भएका मानिसहरु जस्तैः(लैङ्गिक रुपमा दुईलिंगि (इन्टरसेक्स) र अन्तरलिंगि, यौनिक रुपमा समलिंगि महिला र पुरुष, उभयलिंगी र यस्तै अरु पहिचान बोकेका जनसंख्याको हिसाबले थोरै संख्यामा रहेका मानिसको समुह जो आफ्नो पहिचानका कारण विभेद, बहिष्करण तथा उत्पिडनमा |

| | |
|---|---|
| | परेका समूह भन्ने बुझ्नु पर्दछ। |
| **सीमान्तकृत** | सीमान्तकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेत भन्ने बुझ्नु पर्दछ। |
| **विपन्न** | विपन्न भन्नाले  सरकारले तोकेको गरिविको लाईन भन्दा तल पर्ने कुनै व्यात्ति वा परिवार भन्ने बुझ्नु पर्दछ। |
| **लैससासले सम्बोधन गर्ने व्यक्ति** | लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदाय, सिमान्तकृत, विपन्न, लक्षित वर्ग, पँहुच नपुगेका समुह, अपाङ्गता भएका व्यक्तिहरु हुन भन्ने बुझ्नु पर्दछ । |
| **कार्यक्रम** | कार्यक्रम भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरूको संयोजित रुप भन्ने बुझ्नु पर्दछ। |
| **योजना** | योजना  भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि भन्ने बुझ्नु पर्दछ। |
| **GRB** | Gender Responsive Budget (लैङ्गिक उत्तरदायी बजेट)। |
| **GESI Audit** | Gender and Social Inclusion Audit लैससास उत्तरदायी बजेट प्रभाव मूल्यांकन/ लेखाजोखा। |
| लैससास कार्यान्वयन समिति | लैससास कार्यान्वयन समिति भन्नाले लैससास कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने समिति समेत भन्ने बुझ्नु पर्दछ। |

**श्रोतः** लैससास निर्देशिका २०७७, गण्डकी प्रदेश,; नेपालको संविधान २०७२, राष्ट्रिय लैंगिक समानता नीति, २०७७

## १.३ नीतिगत व्यवस्था

लैससास सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा नीतिगत व्यवस्थाहरु छन्। ती मध्ये केही संक्षिप्त रुपमा देहाय बमोजिम रहेका छन्ः

### १.३.१ नेपालको संविधानको २०७२

नेपालको संविधानको प्रस्तावनामानै लैङ्गिक विभेद, सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व

र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ।त्यसैगरी संबिधानले समावेशी, महिलाहरुको मौलिक हक, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्याबस्था गर्दै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण, सामाजिक न्यायको हक, राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था र नागरिकको सहभागिताको अधिकारको स्थापना गरेको छ। नेपालको संविधान, २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, दलितको हक, सामाजिक न्यायको हक, र सामाजिक सुरक्षाको हक, विशेष अवस्था र परिस्थितिले पछाडि पारिएका नागरिकको सहभागिता र शसक्तिकरणको लागि विशिष्ट हकको व्यवस्था गरेको छ ।

### १.३.२ स्थानीय सरकार संचालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐनका बिभिन्न दफाहरुमा लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण, लैससास मैत्री काम कर्तव्य बनाउने, तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन तथा अभिलेख राखि वडा भित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ।त्यसैगरी, उक्त ऐनले वडा भित्र बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया, प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत उल्लेख गरिएको छ। विकास कार्य अन्तर्गत स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागितामा, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट र लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिवृद्धिमा जोड दिईएको छ।

### १.३.३ लैससास स्थानीयकरण रणनीति २०७५

लैससासलाई स्थानीयकरण रणनीति २०७५ ले लैङ्गिकमैत्री र समावेशी समाजको निर्माण गर्ने र मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन गर्ने भनेर दुई वटा उद्देश्य राखेको छ। उपरोक्त उद्देश्यहरुलाई प्राप्त गर्न तिन वटा रणनीति तय गरिएका छन् जस्तैः

१) सशक्तिकरण,

२) मूलप्रवाहीकरण र

३) क्षमता विकास ।

त्यसैगरी, यी रणनीति प्राप्त गर्नको लागि तीन वटा नीति तय गरिएका छन् जसअनुसार

१) अर्थपूर्ण सहभागिताः पहुँच र नियन्त्रण, निर्णय प्रकृया र लाभको वितरण,

२) समावेशी कानून तथा संरचना निर्माण र

३) सबै सरोकारवालाहरुको क्षमता विकास ।

अलग अलग रणनीतिहरु हासिल गर्न कार्यनीतिहरु तय गरिका छन् जस मध्येः कानूनहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोण बाट पुनरावलोकन गर्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री योजना बनाउने र कार्यान्वयन गर्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री सेवा प्रवाह गर्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी वजेट तर्जुमा तथा लैससास लेखाजोखा विधिलाई कार्यान्वयन गर्ने व्यवस्था उक्त रणनीतिमा गरिएको छ।संस्थागत रुपमा प्रदेस स्तरमा यसको कार्यान्वयनको जिम्मेवारी सामाजिक विकास मन्त्रालयमा हुने व्यवस्था गरिएको छ।

### १.३.४ राष्ट्रिय लैङ्गिक समानता नीति २०७७

उक्त नीतिमा विद्धमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई नरान्तरता दिनुका साथै निरोधात्मक, उपचरात्मक तथा नियमनकारी उपाय द्वारा सामाजिक मूल्य र मान्यतामा लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने भनिएको छ। त्यसैगरी, कानूनी प्रवाधान, संस्थागत सुधार, तथा क्षमता विकासको माध्यम बाट तिनवटै तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने र महिलालाई राज्यका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समान अवसरको सम्बैधानिक हकलाई स्थापित गर्ने विद्धमान कानूनको कार्यनव्यन गर्ने व्यवस्था गरिएको छ।सबै क्षेत्रगत नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागितका लागि नीतिगत र कानूनी व्यवस्था गर्ने र सार्वजनिक निजि भौतिक संरचनाको लैंगिकमैत्री मापदण्ड निर्माण गरि लागू गर्ने भएनिएको छ।समाजमा लैङ्गिकमैत्री दृष्टिकोण निर्माण गर्न विदलय देखि नै लैङ्गिकमैत्री पाठ्य सामाग्री र

पठनपाठन पद्धतिको विकास गरि पाठ्यसामाग्री लैङ्गिक समानता झल्किने चिन्ह, चित्र, कार्टून लगायतका विषयलाई समावेस गर्ने भनिएको छ।

### १.३.५ पन्ध्रौं योजना, २०७६

पन्ध्रौं योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यताको आधारमा जनसंख्या तथा दिगो विकासका कार्यक्रमहरु गरिब, सिमान्तकृत, दलित, महिला वालवालिका, किशोर किशोरी, अशक्त तथा अपांगता भएका ब्यक्ति तथा ज्येष्ठ नागरिकहरुको सहभागितालाई सुनिश्चित गर्ने भनिएको छ। त्यसैगरी राज्यका सबै संरचना अपाङ्ग मैत्री बनाउने, महिला तथा बञ्चितिमा परेका समुदायलाई शिक्षा, स्वास्थ्य लगायत सेवाका क्षेत्रहरुमा सहज पहुँच पुर्याउने, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवन यापनको वातावरण सुनिश्चित गर्ने कुराहरु उल्लेख गरिएको छ। सोकालागि निम्न रणनीतिहरु अवलम्वन गर्ने व्यवस्था गरिएको छ।

- सबै क्षेत्र र तहले लैङ्गिक समानता सम्बन्धि क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने।
- राज्यका सबै तहको सरकार क्षेत्र तथा नीकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने।
- राज्यका सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतीलाई संस्थागत गर्ने।
- लैङ्गिक समानता तथा सशक्तिकरण मापन गर्ने तथ्यांक प्रणालीको विकास गर्ने।
- आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई विशेष प्राथमिकता दिने।
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यकालागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धी गर्ने।

माथि उल्लेख गरिएका बुँदाका आधारमा पन्ध्रौं योजनाले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि जोड दिएको छ।

### १.३.६ दीगो विकासका लक्ष्यहरू

दिगो विकासका १७ लक्ष्यहरुलाई नेपालले योजना र विकसको महत्वपूर्ण आधारको रुपमा लिएको छ। नेपालले बनाउने योजना, कार्यक्रमहरु, कार्यनीति तथा प्रकृयाहरुले दिगो विकासको लक्ष्यलाई पछ्याउनु पर्दछ। दिगो बिकासका १७ वटै लक्ष्यहरु एकअर्कामा अन्तरसम्बिन्धित छन र यी लक्ष्यहरुको प्राप्तीमा लैङ्गिक समानता र समाबेसीकरणको प्रकृयाले अहम भूमिका खेल्दछ। दिगो विकासका लक्ष्यहरु अन्तरसम्बन्धित भए पनि दिगो विकासका लक्ष्य ४ मा "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने" भनिएको छ भने लक्ष्य ५ मा लैङ्गिक समानतालाई जोड दिदै लैङ्गिक समानता हासिल गर्ने, सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भनिएको छ। लक्ष्य ८ मा मर्यादित कार्यथलो र आर्थिक बृद्धीलाई जोड दिइएको छ भने लक्ष्य १० मा असमानतामा कमी ल्याउने बिषयमा जोड दिइएको छ। त्यसैगरी लक्ष्य १६ मा दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने भनि उल्लेख गरिएको छ।

लक्ष्य ५ लैङ्गिक समानतालाई हासिल गर्न केही सूचकहरु पनि तयार गरेको पाइन्छ। जस्तैः

- महिला, किशोरी र बालिकाविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने।
- मानव बेचविखन र यौन लगायत अन्य शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने।
- बालविवाह, कलिलो उमेरमा गरिने विवाह, जबर्जस्ती विवाह तथा अन्य घातक प्रचलनहरूको उन्मूलन गर्ने।
- सार्वजनिक सेवा, पूर्वाधार र सामाजिक सुरक्षा नीति तथा घर परिवार भित्रको साझा जिम्मेवारी प्रबर्धन गरि हरेक देश अनुसारको बेतलवी तथा घरेलु श्रमको मूल्य पहिचान गर्ने।
- राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको पूर्ण प्रभावकारी नेतृत्व तथा समान अवसर सुनिश्चित गर्ने।
- लैङ्गिक समानताको प्रवर्धन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तिकरणका लागि प्रभावकारी नीति तथा कार्यक्रम अवलम्बन गर्न सकिने कानून तर्जुमा गर्ने।

### १.३.७ गण्डकी प्रदेशको लैससास निर्देशिका, २०७७

गण्डकी प्रदेशको लैससास निर्देशिका २०७७ परिच्छेद ३ मा लैङ्गिक समानता तथा सामाजिक समावेसिकरणलाई प्रदेशको संरचना र योजनामा मूलप्रबाहिकारण गर्न ३३ ओटा सूचकहरु निर्माण गरिएको छ। ती मध्ये केही मुख्य-मुख्य सूचकहरु देहाय बमोजिम रहेका छन्:

१. उपसचिव स्तरको कर्मचारी रहने लैससास सम्पर्क बिन्दुको स्थापना गर्ने।

२. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन लगायत नीति निर्माण प्रक्रियामा लैससास बिन्दुको सक्रिय सहभागिता।

३. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा आबद्ध कर्मचारीलाई लैङ्गिक समानता र समवेसिकरण सम्बन्धि क्षमता अभिवृद्धि तालिम।

४. लैङ्गिक संवेदनशील र समवेसिकरण सम्बन्धि मापदण्ड निर्माण तथा सो सम्बन्धि क्षमता विकास कार्यक्रम संचालन।

५. लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री पूर्वाधारको निर्माण तथा प्रयोगको सुनिश्चितता।

६. गर्भवती तथा सुत्केरी कर्मचारीहरुको लागि सुविधाजनक समय (Flexible time) व्यवस्था।

७. कार्यालयमा हुने हिंसा तथा दुर्व्यवहार निवारणको लागि लैससासमैत्री गुनासो सुनुवाई इकाईको व्यवस्था।

८. योजना तर्जुमा अगाडि लैससा विश्लेषण तथा अवस्था लेखा जोखा गर्ने व्यवस्था।

९. योजना तर्जुमा र कार्यान्वयनमा लक्षित समूहको सहभागिता र सो समूहलाई लाभान्वित हुने बजेटकों व्यवस्था।

१०. विद्यालय तथा उच्च शीक्षाका पाठ्यक्रममा प्रदेशको लैससास विषयवस्तु समेटने व्यवस्था।

११. प्रदेश समन्वय परिषद लगायतका प्रादेशिक समिति उपसमितिहरुमा लैससास दृष्टिकोण लगाउने व्यवस्था र कार्यक्रम।

१२. विश्वविधयालयको छात्रावृति कार्यक्रममा लक्षित वर्ग तथा समूहका विधार्थीहरुलाई प्राथमिकता दिने आदि रहेका छन्।

### १.३.८ पालिकको प्रथम आवधिक योजना २०७६-२०८० र ८१

पालुङटार नगरपालिकाको प्रथम आवधिक योजनको परिच्छेद ६.३.४ मा लैससास सम्बन्धि नीति २५ ओटा बुँदामा समेटिएको छ ।ती मध्ये केही मुख्य-मुख्य बूँदाहरु देहाय बमोजिम रहेका छन्ः

१. लैङ्गिक समानता र सामाजिक समावेसीकरण सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने,

२. लैङ्गिक तथा समावेशीता विषय र क्षेत्रगत खण्डीकृत तथ्यांकको संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गराई पहूँच नक्सा समेत तयार गरी कार्यान्वयनमा ल्याइने छ,

३. पालिकाका योजना तथा कार्यक्रमहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरी तर्जुमा गरिनेछ,

४. महिला सशक्तिकरणका लागि लैङ्गिक संवेदनशील बजेट र लैङ्गिक बजेट परीक्षण प्रणालीको अवलम्बन गरिनेछ,

५. घरेलु वा सामाजिक हिंसामा परेका महिलालाई पुनःस्थापन केन्द्रमा बस्ने, मनोसामाजिक परामर्श लिने साथै कानुनी संरक्षणको व्यवस्था समेत मिलाइनेछ,

६. कार्यस्थलहरूलाई लैङ्गिक, यौन हिंसा, छुवाछुत एवं विभेदमुक्त बनाउन व्यवस्थापन पक्षलाई संस्थागत जीम्मेवारी निर्वाह गर्न लगाइने छ,

७. महिला सहकारी, संस्था सुचारु रुपले संचालन गर्नको लागि सहकारी शिक्षा, नेतृत्व तथा संस्थागत विकास, लेखा व्यवस्थापन तालिम तथा महिला संस्थाको भवन निर्माण गर्ने साथै विउ पूँजी कोष स्थापना गरिनेछ,

८. लक्षित समूह कार्यक्रम अन्तर्गत घरेलु तथा सामाजिक हिंसामा परेका महिलालाई पुनस्थापन केन्द्रमा वस्ने मनोसामाजिक परामर्श सेवा लिनुका साथै कानुनी संरक्षणको व्यवस्था समेत मिलाइ सीप विकास जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ,

९. लक्षित वर्ग तथा सामाजिक समावेशिकरणतर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गरिनेछ,

१०. बालमैत्री स्थानीय शासन लागू गर्नका लागि बालश्रम उन्मुलन, बाल विवाह, बाल हिंसा उन्मुलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रम संचालन गरिनेछ,

११. निगरानी समूहको क्षमता विकास लैङ्गिक हिंसा निवारण कोष स्थापना, मानव बेचविखन सुरक्षा कोष स्थापना र पालिका स्तरीय पुर्नस्थापना केन्द्र स्थापना तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी विभिन्न क्रियाकलापहरू संचालन गरिनेछ,

१२. दलित तथा अपाङ्गहरूलाई विविध विषयमा सीपमूलक तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ,

१३. बालबालिकाहरूको लागी बाल अधिकार, बाल बिबाह, बाल हिंसा सम्बन्धी कार्यक्रम संचालन र पालिका स्तरीय बाल उद्धार कोष स्थापना गरिनेछ,

१४. एकल महिलाहरूको लागी आयआर्जन कार्यक्रम संचालन तथा एकल महिला कोष स्थापना गरिनेछ,

१५. ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरि सार्वजनिक यातायात र सरकारी अस्पतालमा छुटको सहुलियत प्रदान गरिनेछ,

१६. अपाङ्गता भएका व्यक्तिहरूको लागी अपाङ्गतामैत्री पूर्वाधार निर्माण, परिचय-पत्र वितरण सीप विकास तालिम आवश्यकता अनुसार सामग्रीहरू वितरण गरिनेछ,

१७. महिला पुरुष सिप विकास तालिम र आधारभूत तालिम, अनुशिक्षण महिलालाई सहकारी संस्थामा आवद्ध गरिनेछ भन्ने मुख्य विषयहरु समावेस गरिएको छ।

# परिच्छेद २

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## २.१ पृष्ठभूमि

नेपालको संबिधान २०७२ ले समानुपातिक, समावेशी र सभागितमूलक सिद्धान्त बमोजिम विभेदरहित, समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने आधार तयार गरेको छ। संबिधानको धारा ३८ मा "महिला विरुद्ध हुने धार्मिक, सांस्कृतीक परम्परा वा प्रचलन, सामाजिक वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै पनि हिंसाजन्य कार्य वा शोषण गरिने छैन" भनी उल्लेख गरिएको छ। त्यस्तै, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपाल सरकारले हस्ताक्षर गरेका वा प्रतिवद्धता जनाएका अन्तराष्ट्रिय सन्धी, महासन्धी तथा कार्ययोजनालाई अंगिकार गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको देशमा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। सबै नागरिक कानुनको दृष्टीमा समान हुनेछन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन भन्ने नेपालको संबिधानमा भएको व्यवस्थालाई मनन गर्दै, लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति नियमहरुको मापदण्डलाई अंगिकार गरिएको छ। त्यसैगरी, दिगो विकासको लक्ष्य २०३० लाई मध्यनजर गर्दै, नेपाल सरकारको पन्ध्रौ योजनाको लक्ष्य र उद्देश्यमा केन्द्र राख्दै, गण्डकी प्रदेशको प्रथम आवधिक योजना २०७७ र यसको दिर्घकालिन सोच लाई समेत आधार मानी **"मध्य पहाडी व्यापारिक पर्यटकीय शहर, सुन्दर समुन्नत र समृद्ध हाम्रो लिगलिग पालुङटार"** बनाउने नगरपालिकको दीर्घकालीन सोच पुरा गर्न सहयोग गर्ने हेतुले नगरपालिकाको सबै क्षेत्र, विभागहरुमा लैससासको आन्तरिकरण र मुलप्रवाहीकरणका लागि यो नीति तयार गरिएको छ।

## २.२ औचित्य

नेपालको संबिधानमा व्यवस्था भएको मौलिक हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, दलितको हक, सामाजिक न्यायको हक, र सामाजिक सुरक्षाको हकले विशेष अवस्था र परिस्थितिले पछाडी पारिएका नागरिकको सहभागिता र शसक्तिकरणको लागि विशिष्ट हक, राज्यको पुनरसंरचना, र अधिकारको कार्यान्वयनलाई प्रभावकारी बनाउन चालू पन्ध्रौ योजनाका लक्ष्य एवं उद्देश्य हासील गर्न, दिगो विकास लक्ष्य प्राप्तिको लागि समाजमा रहेका कुरीति, कुप्रथा, भेदभावको अन्त्य गरि

समान पहुँच र अवसर प्रदान गरि समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको निर्माण गर्न आवश्यक रहेको छ। त्यसैगरी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपाल सरकारले हस्ताक्षर गरेका वा प्रतिवद्धता जनाएका अन्तराष्ट्रिय सन्धी, महासन्धी तथा कार्ययोजनालाई पूरा गर्नका लागि पनि पालिकास्तरमा लैससास नीति बनाएर प्रभावकारी कार्यनव्यन गर्नु आवश्यक रहेको छ। लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजबाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्न, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिन, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धिमा जोड दिनको लागि आवश्यक रहेको छ। यस नीतिले पालिकास्तरमा रहेका सार्वजनिक, निजी र सहकारी क्षेत्र तथा गैरसरकारी संस्था सबैमा समानता, समावेसी र सहभागितामा आधारित नीति, योजना र कार्यक्रममा सामजस्यता ल्याउन सहयोग पुर्याउने छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमुखी नीति, योजना, बजेट तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन गर्नका लागि यो लैससास रणनीतिको महत्व र आवश्यकता रहेको छ।

## २.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

लैससास रणनीति तर्जुमाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निम्न अनुसार रहेका छन्ः

**सोचः**

विभेदरहित र समतामूलक समाज।

**लक्ष्यः**

लैससासले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुको आर्थिक, सामाजिक, राजनैतिकरुपमा सशक्तिकरण गर्दै लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त, लैङ्गिकमैत्री, समाबेशी रसमतामूलक समाज कायम गर्ने।

**उद्देश्यः**

१. लैससासले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुको बिच रहेको असमान शक्ति सम्बन्ध र सामाजिक पहिचानका आधारमा गरिएका सबै प्रकारका बिभेद र हिंसाको अन्त्य गर्न लैङ्गिकमैत्री र समावेशी समाज निर्माण गर्नु।

२. मूल्य मान्यतामा आधारित लैससासको दृष्टिकोण अनुसारको संस्कार र व्यवहारमा परिवर्तन गर्नु।

## २,४ रणनीति र कार्यनीति

माथि उल्लेखित उद्देश्य प्राप्त गर्न ५ वटा रणनीति र ति रणनीति पूरा गर्न २९ वटा कार्यनीतिहरु निर्माण गरिएका छन्। ति रणनीति र कार्यनीतिहरु देहाय बमोजिम रहेका छन्:

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: लैससासले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुको बिच रहेको असमान शक्ति सम्बन्ध र सामाजिक पहिचानका आधारमा गरिएका सबै प्रकारका बिभेदको र हिंसाको अन्त्य गर्न लैंगिकमैत्री र समावेशी समाज निर्माण गर्नु ।** | |
| १.१ समवेशी कानून तथा मापदण्ड र संरचनाको विकास र विस्तार गरि कार्यान्वयन तथा नियमन गर्ने । | १.१.१ लैससास सम्बन्धी कानून, नियमावली, कार्यविधी तथा मापदण्ड निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ।<br>१.१.२ लैससास नीति कार्यान्वयन, अनुगमन तथा नियमन गर्न पालिका र वडास्तरीय स्तरीय समिति बनाई प्रभावकारी रुपमा संचालन गरिनेछ।<br>१.१.३ संबिधानमा व्यवस्था भए अनुसार लैससास कार्यान्वयन गर्न, संघीय नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससास सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ।<br>१.१.४ पालिकभित्र बन्ने सरकारी तथा गैर सरकारी भौतिक संरचना लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री बनाउन अनिवार्य गरिनेछ।<br>१.१.५ मानव वेचबिखानमा परेका, हिंसा पीड़ित/प्रभावित महिला, यौनिक अल्पसंख्यक तथा बालबालिकाको पुनःस्थापन केन्द्रमा बस्ने, मनोसामाजिक परामर्श लिने साथै कानुनी संरक्षणको व्यवस्था गरिनेछ।<br>१.१.६ अनाथ, अपाङ्ग, बेबारीसे, टुहुरा/असाय, हिंसा पीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण तथा पुरनर्स्थापनाका लागि संघ, प्रदेश र विभिन्न संघ संस्थाहरु सँगको सहकार्यमा प्रभावकारी कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिनेछ।<br>१.१.७ जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरि सार्वजनिक यातायात र सरकारी अस्पतालमा छुटको व्यवस्था गरिनेछ। |
| १..२ सबै प्रकारका हिंसा र विभेदको अन्त गर्न क्षमता | १.२.१ महिला पुरुष बीचको ज्याला असमानता कम गर्न "समान काम समान ज्याला" को नीति आबलम्बन गरिनेछ।<br>१.२.२ महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको |

| | |
|---|---|
| विकासका र सचेतनामूलक कार्यक्रमको संचालन र हिंसा मुक्त सूचकको कार्यान्वयन तथा सहकार्य र सहजीकरण गर्ने । | मूल्य कायम गरी पालिकाको आयमा महिलाको योगदानको गणना गर्ने प्रक्रियाको विकास गरिनेछ।<br>१.२.३ लैङ्गिक हिंसा मुक्त सूचकको निर्माण गर्न र हिंसा मुक्त क्षेत्र/वडा घोषणा गर्न संघ, प्रदेश र बिभिन्न संघ संस्था आदि संग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।<br>१.२.४ बालबालिकालाई कुनै पनि बालश्रम तथा अपहरण हुन नदिन जनचेतना अभिवृद्धि गरि आवश्यकता अनुसार बालबालिका संरक्षण गर्ने संरचनाको विकास तथा विस्तार र नियमन गरिनेछ।<br>१.२.५ नगरपालिका/ वडामा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदाय सम्म पुर्याउनको लागि सम्बन्धित सूचना सामाजिक जवाफदेहिताका औजारहरु मार्फत सम्प्रेषण गरिनेछ। |
| **उद्देश्य २ः मूल्य मान्यतामा आधारित लैससासको दृष्टिकोण अनुसारको संस्कार र व्यवहारमा परिवर्तन गर्नु ।** | |
| २.१ संस्कार र सोचमा परिवर्तन ल्याउनका लागि जनप्रतिनिधि, कर्मचारी, विपन्न तथा पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहलाई सचेतिकरण गर्दै पालिकाको सबै अंगहरुमा अर्थपूर्ण सहभागितामा वृद्धि गर्ने । | २.१.१ जनप्रतिनिधि, कर्मचारी तथा लैससासले सम्बोधन गर्नुपर्ने व्यक्तिहरुलाई लैससास सम्बन्धि सचेतिकरण तथा क्षमता विकास गर्दै लगिनेछ।<br>२.१.२ पालिकाको योजना तर्जुमा गर्दा, कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्दा वडा/टोल स्तरवाट नै लक्षित वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ।<br>२.१.३ नगरपालिका, वडा तथा टोल/समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा लैससासले सम्बोधन गर्नु पर्ने व्यक्तिको समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिनेछ।<br>२.१.४ नगरपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणबाट संस्थागत गरी सिमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्तिको नगरपालिकाको समग्र शासन प्रणालीमा मूलप्रबाहीकरण गर्दै लगिने नीति अबलम्बन गरिनेछ।<br>२.१.५ लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न हरेक वडा/विद्यालयमा लैससास सम्बन्धि सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।<br>२.१.६ बाल बिबाह, बोक्सी, छुवाछूत, महीनावारी लगाएतका कुरीतिको अन्त्य गर्न कानूनको पालना र नियमनलाई संघ र प्रदेशसँगको समन्वयमा प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२.१.७ लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप |

| | |
|---|---|
| | तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपुर्ण सहभागिता गराइनेछ। |
| २.२ विपन्न तथा पछाडि परेका वा पारिएका असक्त, गरिब तथा लक्षित वर्ग/समूहको खण्डीकृत तथ्यांक निकाली उद्यमसिलता र रोजगारको माध्यमबाट आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | २.२.१ लैससासले संबोधित गर्नु पर्ने व्यक्तिको खण्डीकृत तथ्यांकको विवरण अद्यावधिक गर्दै त्यसको आधारमा प्रतिवेदन तयार गरि सार्वजनिक गरिनेछ।<br>२.२.२ लैससाससँग सम्बन्धित व्यक्तिलाई लक्षित गरि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नुका साथै तिनिहरुलाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरणको विकास गरिनेछ (सिक र गर)।<br>२.२.३ स्वरोजगार तथा उद्यमशीलताको लागि वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ।<br>२.२.४ वैदेशिक रोजगारीमाजाने महिलाहरुलाई लैङ्गिक हिंसा र सुरक्षा तरिका बारेमा तालिम, गुनासो संकलन र परामर्शको व्यवस्था गरिनेछ।<br>२.२.५ महिला तथा यौनिक अल्पसंख्यकहरुको लागि कृषि, सहकारी, पर्यटन, घरेलु उद्योग आदि क्षेत्रमा रोजगारी तथा वित्तीय पहुँचको व्यवस्था गर्दै लगिनेछ।<br>२.२.६ आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गरिनेछ।<br>२.२.७ विद्यालय विमूख किशोरीहरूको लागि जीवन उपयोगी सीप तथा व्यवसायमूलक कार्यक्रम संचालन गरी आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ। |
| २.३ लैससासमैत्री वार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा र अनुगमन तथा मूल्याङ्कन गर्ने र दिगो विकास लक्ष्य नं ५ लाई स्थानीयकरण गर्ने । | २.३.१ लैङ्गिक उत्तरदायी योजना तथा बजेट र लैससास बजेट नियमित परीक्षण गरि लक्षित समुदायको आर्थिक तथा वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ।<br>२.३.२ नगरपालीकावाट संचालन हुने सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा प्रभाव मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लगिनेछ।<br>२.३.३ दिगो विकासको लक्ष्य नं ५ (लैससास सँग सम्बन्धित) लाई स्थानीयकरण गरिनेछ। |

## २.५ मुख्य कार्यक्रमहरु

उदेश्य सँग रणनीति, रणनीति सँग कार्यनीति र कार्यनीति सँग मुख्य कार्यक्रमहरु तादाम्यता मिल्ने गरि निम्न अनुसार कार्यक्रमहरु तय गरिएको छः

| उदेश्य न. | रणनीति न. | कार्यनीति नं. | क्र. स. | मुख्य कार्यक्रम |
|---|---|---|---|---|
| १ | १.१ | | | |
| | | १.१.१ | १ | स्थानीय नीति, ऐन, कानून, मापदण्ड, कार्यविधि आदि निर्माण तथा पुनरावलोकन |
| | | | २ | नीति निर्माण तहमा ३३% महिला सहभागिता नीति कार्यान्वयन |
| | | | ३ | लैससास सम्बन्धित आचारसंहिता निर्माण गरि कार्यान्वयन गर्ने |
| | | १.१.२ | ४ | पालिका र वडा स्तरीय लैससास कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको गठन |
| | | | ५ | विकास निर्माणका कार्यक्रमको अनुगमन मूल्याङ्कन समितिमा कम्तिमा ३३% युवा महिला राख्ने व्यवस्था |
| | | | ६ | पालिका र वडास्तरीय स्तरीय समितिको कार्य बिभाजन/जिम्मेवारी बाँडफाँड |
| | | | ७ | लैससास कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको चौमासिक बैठक संचालन |
| | | १.१.३ | ९ | संघ, प्रदेश र अन्य सरोकारवालाहरु संग नीति कार्यान्वयन गर्न सहजीकरण |
| | | १.१.४ | १० | अपाङ्गमैत्री र प्याड व्यवस्थापन बिन भएको शौचालय निर्माण |
| | | | ११ | उजुरी/गुनासो पेटिकाको व्यवस्था |
| | | | १२ | सार्बजनिक ठाउँमा पिउने पानी, व्यवस्था |
| | | | १३ | स्तनपान कक्ष/कोठा बनाउने |
| | | | १४ | प्रतिक्षालय व्यवस्थापन |
| | | १.१.५ | १५ | संरक्षण र पुनःस्थापन मापदण्ड र पुनर्स्थापन केन्द्रको निर्माण तथा संचालन गर्ने |
| | | | १६ | मनोपरामर्शको कार्यक्रम संचालन |

| उदेश्य न. | रणनीति न. | कार्यनीति नं. | क्र. स. | मुख्य कार्यक्रम |
|---|---|---|---|---|
| | | १.१.६ | १८ | संघ, प्रदेश र विभिन्न संघ संस्थाहरु संगको सहकार्यमा आपत्कालिन बालबालिका उद्धार कार्यक्रम संचालन |
